प्रश्न : नमस्ते चेतना जि..

उत्तर : नमस्ते..

प्रश्न : आज चै हामी महिलावादी आन्दोलनमा योगदानमा पुर्याएका महिलाहरुको अनुभव, भोगाई र सिकाईहरु संकलन गर्ने क्रममा छौ । यसै क्रममा तपाईले आफ्नो परिचय साथै जन्म, बाल्यअवस्था लगाएतका कुराहरु राखिदिनुहुन अनुरोध गर्दछु ।

उत्तर : अह.. मेरो नाम पुरा नाम चै चेतना खनाल क्षेत्री हो । म अह...वाकेको खजुरा गाउपालिका वडा नं. ३ मा जन्मेको हो । म चै अहिले १९ बर्षको भए र मेरो परिवार चै मेरा परिवारमा बाबा आमा अनि मेरो दिदि हुनुहुन्छ अनि मेरो दिदि चै म भन्दा ६ बर्ष ठुलो हुनुहुन्छ र मेरो ममि बाबाहरु चै मेरो परिवार चै अलि Progressive हुनुहनुन्छ । र म अलि Progressive परिवार वाट नै Belong गर्छु किन भने मेरो वावा शिक्षक हुनुहुन्छ अनि मेरो ममी पनि पढेलेखेको हुनुन्छ । सो परिवार चै अलि Progressive नै छ । मेरो वाल्यकाल चै मलाई तेती एकदमै छर्लगं याद छैन किन भन्दा सबै अरु वालवालीकाहरुको जस्तै नर्मल थियो । केहि नयाँ ईन्ट्रेस्टिगं तेस्तो केहिपनि थिएन । किन भन्दा म सानै बाट ७ कक्षा सम्म वोर्डिगं स्कुल पढेको मेरो एकदमै वोरगिं खालको नै वित्यो बाल्य अवस्था चाहि । त्यसपछि ८ कक्षा वाट चै म मेरो ड्याडीले पढाउने स्कुल छ सरकारी स्कुल त्यो स्कुलमा पढ्न लागे र त्यो स्कुलमा पढ्दै गर्दा चाहि मैले त्यो स्कुलमा चाहि अलि अलि क्लवहरु ह्ुन्थ्यो । एक्स्ट्रा करिकुलममा रेडक्रस, चाईल्ड क्लबहरु हुन्थ्यो र म चाहि चाईल्ड क्लबमा सहभागी भए । मलाई यो स्कुलमा आउनु भन्दा अगाडी मलाई चाहि अगाडी गएर मान्छेहरुको अगाडी गएरर बोल्न अनि आफ्नो कुराहरु राख्न एकदमै गाह्रो हुन्थ्यो । किनभने म एकदमै लजालु एकदम कुनामा बस्ने खालको बच्चा थिए र त्यो स्कुलमा आएपछि म अलि अलि बोल्न थाले र साथीहरु सगंपनि शिक्षकहरु सगँ पनि चिनेको भएर मैले चै मेरो गाउँमा चै एकजना हाम्रो छिमेकीमा एक जना दिदि हुनुहुन्थ्यो म १३/१४ बर्ष को हुदा उहाँ चै १६/१७ बर्षको हुनुहुन्थ्यो । अनि हामीहरु जहिले खेल्थ्यौं । सगै पुरानो गेम लुकामारीहरु, कवडीहरु जस्तै खेल्यो गाउँमा तर एक दिन चै उहाँको १७/१६ बर्षको हुदा खेरी घरमा माग्न आयो । लाउरे भनेर उहाँहरुको ममी बाबाले चै दिदिनु भयो क्या छोरी । उहाँ दिदिको चै विहे भएपछि अर्को बर्ष नै बच्चा, उहाँ दिदि प्रेग्नेन्ट भएर त्यो दिदिको बच्चा त्यो दिदि चै कलिलै भएको कारण बच्चा खस्यो क्या । त्यो दिदि चै कलिलै भएको कारण बच्चा खस्यो । त्यो देख्दा खेरी चै मलाई एकदमै हिट गर्यौं । क्या अव मेरो आफ्नो दिदि पनि १८ बर्षको हुदा खेरी मेरो दिदि पढिरहेको छ म मेरो २ जना दिदि मात्रै मेरो परिवारमा छोरा छैन । छोरा छैन भनेर आफ्नै पनि कति जनाले भन्नुहुन्छ । अनि कस्ले लान्छ त बंश अगाडी भनेर अहिले पनि भन्नुहुन्छ र त्यस्तो पनि भन्थे मेरो गाउँमा अनि म चै पढिरहेको मेरो दिदिपनि पढिरहेको अनि त्यो दिदिको लाईफ चै कस्तो भयो । अनि तेसपछि मैले बालविवाह के हो ? भनेर चै त्यतिवेला अलि अलि आईडिया चै भयो । अ.... अनि सानै उमेरमा विवाह गर्यौं भने त यस्तो हुदो रहेछ सानै उमेरमा प्रेग्नेन्ट भएर बच्चा बस्दो रहेछ । भनेर मलाई अलिअलि जानकारी भयो र मलाई चै म बाहिर नवोल्नेभए पनि घरमा चै अलि क्युरियस नै हुन्थ्ये के म ड्याडीलाई, ममीलाई एकदमै धेरै प्रश्नहरु गर्ने त्यस्तो भन्नु हुन्छ है... अनि अ... त्यो भएपछि मेरो ममी वावालाई सोध्या के किन तेस्तो गरेको यो दिदिलाई उहाँको ममी वावाले किन यति सानै उमेरमा विवाह गरेको भन्दा खेरी ममीहरुले अब यो पहिले बाट आईरहेको चलन हो । हामीले पनि त्यसमा केहि गर्न सकिदैन तिमी पनि तेती ध्यान नदेउ भन्नु भयो । अनि साथीहरुलाई भन्दाखेरी प्राय सबै गाँउको मान्छेहरुले चाहि यो बालविवाह चाहि यति नर्मलाईज गरेको रैछ भन्ने मलाई महसुस भयो कि मेरो साथीहरुले पनि हामीलाई कै मतलब हुन्छनी बच्चाबच्ची भएर अरु ठुलो मान्छेले बच्चा बच्चि भएर के कुरा गरेको यस्तो भनेर पनि भन्यो

त्यसपछि म स्कुलको Child Club हुदाखेरी चाहि अ हाम्रो स्कुलमा चाहि अब कतिको संस्थाहरुले आएर जनचेतनामुलक कार्यक्रमहरु चाही गराउदो रहेछ । त्यो सरकारी स्कुल भनेपछि अलि स्वतन्त्र हुन्छ नि त अरु, अरु सस्थांहरु आएर जनचेतनामुलक कार्यक्रमहरु गराउथ्यो । तेती बेला चाहि मैले बालबिवाहको वारेमा अझै राम्रो सगँ बुझ्न पाए अनि २० बर्ष नपुगे सम्म विवाह गर्न पाईदैन हाम्रो त्यो त गैरकानुनी हो । Child Marriage भन्ने कुराहरु बुझे पछि चाहि मलाई हाम्रो चाहि कसैले पनि नटेर्दो रहेछ । भनेर चाहि मलाई फिल भयो । त्यसपछि हामीले बालक्लव बाट नै स्कुलको बाल क्लब बाट मैले पनि किशोरीहरुलाई लाईफ स्किल ट्रेनिग दिन्थ्यो । एउटा रुमरिट भन्ने सस्थाले अनि तेसैमा पनि मैले सिके अनि त्यसमा सिकेको कुरा चाहि मैले यो चाहि किन महिलालाई मात्र दिएको छ केटाहरुले पनि त जान्नु पर्ने कुरा हो भनेर मेरो साथी, मेरो अर्को एकजना साथी भएर अनि हाम्रो गाँउमा पनि श्रृजनसील बालक्लब गठन गरियो । त्यसपछि चाहि मेरो अभियानकर्ता वाला यात्रा चाहि सुरु भएको हो । मैले हामीले जुन कुराहरु स्कुलमा सिकाईन्थ्यो किशोरीहरुलाई मात्र पढाउने गर्थ्यौ । त्यो चाहि हामी आएर सबै दाई, भाई, बहिनी गाउँको बालक्लब बाट बिस्तारै बिस्तारै वार्ड, वार्ड पछि गाउँपालिका त्यसपछि जिल्ला बाल क्लबमा त्यसरी चाहि म संलग्न हुदै गए र बाल क्लब पछि चाहि १६/१७ मा चाँहि हामी किशोरी क्लब पनि गठन भयो । हाम्रो गाउमा र हामी किशोरी क्लबमा बालविवाह विरुद्ध नै हामी काम गर्न थाल्यो । अब हाम्रो स्थानिय सरकार र अरु संघसस्था सँग समन्वय गरेर हामी काम गर्दै गयाँ । त्यतिवेला चाहि सुरुसुरुमा के लाग्छ भन्दा गाउँको कति मान्छेलाई थाहा पनि थिएन कि यो गैरकानुनी हो भनेर जस्तै मलाई थाहा थिएन। हामीले चाहि एकदमै हाम्रो टिम सगं मिलेर स्कुलहरुमा घर दैलो कार्यक्रम, धर्म गुरुहरुसगँ अनि आफ्नो साथीहरुलाई पनि संगठन गरेर एकदमै जोर सोरले अभियानलाई चाहि अगाडी बढायौं । बाल बालिकाको सुरुमा त हामीलाई हाम्रो गाउँ छरछिमेकीमा नै मेरो ममी बाबालाई नै कती जनाले भन्न थाल्नुभयो छोरी पढ्न छोडेर के के मा लगाएको रे कता कता जान्छ त प्रोग्राम स्रोग्राममा कति जनाले भन्नु हुन्थ्यो । टिचरहरुले पनि मेरो ड्याडीलाई भन्नु हुन्थ्यो । मेरो फ्यामीली चाहि एकदमै सर्पोट गर्नुहुन्थ्यो । पढाईमा मात्रै होईन कि एक्सट्रामा पनि ध्यान दिनु पर्छ भनेर एकदमै धेरै सर्पोट गर्नु भयो तेहि भएर पनि मलाई अरुले भनेको कुरामा चाहि फरक परेन त्यहि भएर मलाई के लाग्छ भन्दा बाहिरको ले जती जे सुकै भनोस यदि तपाईको परिवार सहयोगी छ भने तपाई आफ्नो बच्चा बालबालिकाहरुलाई सहयोग गर्नुहुन्छ भने त्यो बच्चालाई एकदमै धेरै हौसला मिल्छ मलाई मेरो ममि बाबाले सहयोग गरेको भएर र हामीले चाहि कार्यक्रमहरु गर्दै गर्दा हाम्रो गाउँघरमा चाहि कुराहरु नै सुनदिनु हुन्न थ्यो । यस्तो बच्चाबच्चीले भनेको कुरा पनि एत्रो बच्चाबच्चि एस्तो ठुलो ठुलो जस्तो कुरा गर्ने हो कती जनाले भन्नु हुन्थ्यो है अनि कस्तो नराम्रो पनि लाग्थ्यो तर पनि हामी चाहि निरास भएनौ किनभने हाम्रो काम चाहि हाम्रो परिवार बाट सर्पोट थियो । स्थानिय सरकारबाट सहयोग थियो र हामीले काम गर्दै गर्दा मेरो गाउँमा चाहि अर्को एक जनाको विवाह हुदाखेरी हामीले लुकी छिपी नै खवर गरियौ । त्यो प्रहरी निकायलाई त्यति बेला मेरो पुरै गाउँको छिमेकीहरु मेरो घरमा ओर्लिएर आउनु भएको थियो । किन यस्तो गरियो भनेर मलाई भन्ने मेरो लाईफ हो मेरो छोरीको लाईफ हो । तिमीलाई कती चासो परेको भनेर तपाईको छोरीलाई कति चासो परेको भनेर ममी बाबालाई पनि आएर जे होस धम्की जस्तो हुन्छ नी त्यस्तो दिनुभको थियो । तेतीवेला मलाई चाहि एकदमै डर लागेको थियो । कसैले केहि गरिदिन्छ कि यिनीहरुले थाहा पायो मैले हाम्रो टिमलाई कसैले केहि गरिदिन्छ कि त्यो चाहि मलाई एकदमै डर लागेको थियो । कसैले केहि गरिदिन्छ कि यीनीहरुले थाहा पायो मैले हाम्रो टिमलाई हेर्यो कसैले केहि गरिदिन्छ कि त्यो चाहि मलाई एकदमै डर लागेको थियो । मलाई के लाग्छ भन्दा त्यो सामाजिक सवालमा काम गर्दाखेरी त सबै भन्दा अगाडी आवाज अगेन्समा आउनु भनेको समाज नै हो कि भने हामीलाई पनि तेस्तै नि भाको हो । पहिलाको हेरेर एकदमै परिर्वतन भएको छ त्यो चाहि मलाई एकदमै खुसी पनि लाग्छ हामीले ३ वर्ष लगातार यो हाम्रो कार्यक्रमहरुलाई अगाडी वढाउदै गयौं र २०२१ मार्च मा चाहि हामीले हाम्रो गाउपालिकालाई बालविवाह मुक्त घोषणा गर्न पनि सफल भयो । त्यो चाहि मलाई मेरो लाईफको सबै भन्दा ठुलो

ईन्सिडेन्ट चाहि हो जस्तो लाग्छ र किन भन्दा कहिले पनि जुन Movement थियो नि ३ बर्षको तेतीबेला चाहि काम गर्दा खेरी हामीले चाहि कतै पनि गईया छैनम घुम्या छैनम फेरी हामी त्यहि आउछौं कि परिर्वतन नै छैन । कति वेला चाहि हामी निरास पनि हुन्थ्याैं । म पनि एकदमै Outcome नदेखेर एकदमै निरास हुन्थे । अझ एक चोटी त हाम्रो किशोरी क्लबको अध्यक्ष आफैले विवाह गरेर गयो त्यतीबेला चाहि हामी सबै जनालाई, मलाई चाहि discourage, Demotivation चाहि म तेती बेला भएको थिए । हाम्रो टिम पुरै थोकेको थियो । उहाँले गर्दा तर हामीले चाहि चुप्प लागेर चाहि बसेनाँ । तेतीबेला हामीले प्रहरीलाई खबर गरेर भागेर जानुभएको थियो । उहाँलाई फिर्ता लिएर आएर फेरी आफ्नो लाईफ सुरु गर्न सहयोग चाहि गरियो । सुरुमा उहाँलाई कन्भिन्स गर्न चाहि दिदिलाई एकदमै गाह्रो भएको थियो । तर अहिले चाहि उहाँले मन्टेश्वरीमा पढाउदै हुनुहुन्छ । अनि पढ्दै पनि हुनुहुन्छ । त्यो चाहि मैले राम्रो काम गरे जस्तो चाहि मलाई लाग्छ । हाम्रो टिमले मैले मात्र होईन हाम्रो टिमले र बालविवाह मुक्त घोषणा गर्नु चाहि मेरो लाईफको द्यष्नभकत Biggest achievement हो । प्राय जसो ठाउँमा म चाहि एकदमै गर्भ महसुस गर्छु । जतिपनि Activist हुनुहुन्छ । उहाँहरुले काम गर्दै गरिराख्नु भको छ । तर कति Movement हरुमा लाग्छनी मैले के रिजल्ट आको छैन छोडदिम क्या हो जस्तो लाग्ने उहाँहरुले चाहि हिम्मत चाहि हार्नुहुदैन जस्तो चाहि मलाई लाग्छ । किन भन्दा विस्तारै, विस्तारै परिवर्तन आउछ । त्यो परिर्वतनहरु चाहि हामी पुग्न सक्छौं । म आफुलाई महिलावादी भन्छु किनभने भन्दा मैले बालविवाहको विषयमा काम गरेको मेरो छेउ, छाउको किशोरीहरुले मेरो साथीहरुले दिदि बहिनीहरु भनुम न Active भएको देखेर सुरु गरेको हो । मलाई नपचेर नै मैले सुरु गरेको हो । त्यसैले म आफैलाई Feminist भन्छु ।

एउटा मलाई चित्त नबुझ्दो कुरा चाहि के लाग्छ । भन्दा अहिले सोसल मिडीयामा कति पय ठाउमा Feminist भनेको महिलाले पुरुषहरुलाई दवाएर अगाडी बढ्ने हो कति धेरै जनाको त्यस्तो Ideology पनि छ । त्यो चाहि मलाई अलिकती चित्त बुझ्दैन मेरो बिचारमा चाहि महिलावादी हुनु भनेको आफुले कुनैपनि विभेद, विवाद अनि कुनै पनि ब्यारियर नभईकन अगाडी बढ्ने आफ्नो गोलहरु Reach गर्न सक्ने क्षमता र वातावरण हुनु चाहि हो त्यो महिलावादी जस्तो चाहि मलाई लाग्छ । कसैलाई दबाएर होईन कि कसैलाई दवाउनु नपरेर आफुले गर्न मन लागेको कुरा गर्नु हो जस्तो चाहि लाग्छ र मैले बालविवाह मुक्त घोषणा गर्नको लागी काम गर्दा गर्दै हामीले चाहि किशोरीहरुको अन्य विषयमा पनि काम गर्न सुरु गरियो जस्तो कि मानव बेचविखनको समस्या पनि हाम्रो मेरो ठाउ, मेरो जिल्ला एरिया ईन्डियाको वोर्डर एरियामा भएर चाहि त्या मानव बेचविखनको एकदमै भयंकर नै छ । हाम्रो जिल्लामा चाहि समस्या कतिपय महिलाचाहि +२ सकेपछि लाष्ट बर्ष मैले माईति नेपालमा २ तिन महिनाको प्रोजेक्ट त्यसमा चाहि मैले काम गर्ने अवसर पनि पाएको थिए । त्यो पनि मैले मेरो लागी राम्रो एकदमै राम्रो अवसर थियो जस्तो लाग्छ । त्यसमा चाहि मैले कति धेरै कुराहरु सिके मनोविमर्श त्यसपछि Empathy अनि Patience चाहिं मैले त्यहा एकदमै धेरै सिकेको हो । कति किशोरीहरुले अवसर नपाएर शिक्षाको अनि पछि रोजगारको अवसर नपाएर एउटा अन्जान मान्छेको लहै लहैमा लागेर कसरी Manipulate हुन्छन किशोरीहरु, महिलाहरु, मैले चाहिं त्यहा छर्लंग भयो मलाई अहिले पनि कस्तो सिरिगं भयो घटनाहरु सम्झदा खेरी र तेसमा चाहि त्यहि भएर चाहि त्यो महिलाहरुको सवालमा चाहि अझै कामहरु गर्नु पर्छ जस्तो लाग्छ । मैले चाहि कतिपय ठाउमा चाहि यस्तो पुरुषहरु पनि देखे उहाँले चाहि के भन्छ भन्दा महिलाहरुले already यति अधिकार पाईसके कस्को लागी आवाज उठाउँछ मान्छेहरु पनि मैले कति धेरै encounter गर्दा चाहि मलाई अच्चम लाग्छ किनभने त्यो मान्छेहरु कति डेन्जर लाईफ गरेको हुन्छ अझैपनि हेर्ने हो भने मेरै समुदायमा जति नै प्रगती

परिवर्तन आईराछ एकदम पढेलेखेको घरमा नै त्यो Dominate, Negative Dominate चाहि भईराखेको हुन्छ त्यो देख्दा चाहि मलाई त्यो कुरामा अझै काम गर्नु पर्ने जस्तो लाग्छ ।

प्रश्न : चेतना जी...

उत्तर : हजुर....

प्रश्न : हजुरको बाल्य अवस्थाको कुरा गर्दै गदौ खेरी भन्नु भयो नि हजुरले ६/७ कक्षा सम्म चाहि बोर्डिगं स्कुल पढे त्यस पछि सरकारी स्कुल पढे म भन्नुभयो नि त्यो भन्दै गर्दा बोर्डिगं स्कुलको लाईफ चाहि एकदमै बोरिगं वित्यो भन्नुभयो । त्यो चाहि अलिकती के कारणले गर्दा खेरी बोर्डिगं स्कुलको लाईफ चाहि कसरी वोरिगं हुदोरहेछ त्यो कुराहरु चाहि भनिदिनुन ?

उत्तर : हजुर.... मेरो विचारमा हाम्रो यहाँको एजुकेसन सिस्टम चाहि एकदमै रिजल्टमा ँयअगक छ के जसरी भए पनि A+ ल्याउनु पर्यो पढाईमा राम्रो हुनुपर्यो, २४ घण्टा चाहि रटेको रटै हुनुपर्यो, एट्लिस म सानो हुदा चाहि थियो । एति धैरै होमवर्कहरु, स्कुल गयो १० देखि ४ बजे सम्म स्कुलमा, त्यसपछि फेरी टिउसन अनि त्यसपछि घर आएर पनि एति धैरै होमर्बक अरु अरु कुरामा त टाईम नै हुन्थेन। यस्तो यस्तो कुराहरुमा टाईम नै हुदैन होमवर्क गर्यो, खाईयो, सुत्यो, होमबर्क गरियो, खाईयो सुत्यो, स्कुल गईयो, आयो त्यस्तै मोनोटोनस चाहि थियो । अरु अरु एक्स्ट्रा करिकुलम पनि थिएन त्यसकारण चाहि मलाई मेरो बोर्डिगं स्कुलको लाईफ चाहि एकदमै Productive नै लागेन । एकदमै बोरिगं चै त्यहि भएर लाग्यो । अझ म जस्तो विद्यार्थी जो पढाईमा एकदमै Average अब वोर्डिगं स्कुलमा जो फस्ट सेकेन्ड, तर्ड हुन्छ तिनीहरुलाई चाहि अलिकती धैरै Appreciate गरिन्छनी । त्यो विभेद पनि हुन्छ है मेरो विचारमा चाहि अरु अरु स्कुलमा नहोला तर मैले चाहि मैले पढेको स्कुलमा महसुस गरेको, ब्खभचबनबथ विद्यार्थीलाई चा Appreciate गरिदैन त्यसैले पनि हाम्रो Self(studies चाहि एकदमै Low गराईदिन्छ जस्तो लाग्छ ।

प्रश्न : हुन्छ..... सगंसगै जस्तो कि अब तपाईले चाहि एउटा बाल क्लब देखि काम गर्दै आउनु भएको छ । कुरा गर्नु भाछ यहाँ तपाईको क्षेत्रमा अलिकती तपाई भन्दा अग्रज व्यक्तिहरु हुनुहुन्थ्यो । जो चाहि तपाइको क्षेत्रबाट आउनु भको थियो उहाँहरु चाहि उहाँहरुसगँ तपाईहरुको विचार चाहि आदान प्रदान गर्दा खेर भोग्नु भएको त्यस्तो कुनै घटनाहरु छ ?

उत्तर : अ... हजुर सुरु सुरुमा त मैले अघि नै भने नि ठुलो मान्छेहरु त्यो हामी भन्दा फरक generation को मान्छेहरुसगं कुरा गर्दा चाहि एकदमै अप्ठ्यारो हुदो रहेछ । किनभन्दा कति ठाउँमा चाहि मैले के महसुस गरे भन्दा यदि हामीले अलिकती ठुलो हामी बालबालिकालाई चाहि अलिकती Mature कुरा गरेपछि उनिहरुको ईगोमा ईफेक्ट गरेको होकी के हो ? तर उहाँहरु चाहि अलिकती हुन्छनी कती जान्ने पल्टको खालको vibes भए जस्तै हुन्छ नि हामी भन्दा ठुलो generation को मान्छेहरुले त्यो चाहि मैले महसुस गरेको तर सबै जना त्यस्तो नहुदो रहेछ । कतिजनाले चाहि Appreciate पनि गर्नु हुन्छ यस्तो सानो भएर कति धैरै कुरा जानेको कति राम्रो काम गरेको भनेर भन्नुहुन्छ भने कति जनाले चाहि बच्चा बच्ची भएर seriously चाहि लिदैन्न धैरै जनाले त्यो हामीले कार्यक्रममा Feel गरेको चाहि मैले Share गरे ।

प्रश्न : चेतना जि... अब जस्तै तपाई चाहि तपाई सगसगं तपाईको यो अभियानमा काम गर्ने तपाईको अरु साथी सर्कलहरुलाई चाहि के भन्न चाहानुहुन्छ ?

उत्तर : अ.. मेरो मैले चाहि अब सबै जनाले Different फिल्डमा काम गर्दै हुनुहुन्छ अथवा मैले जस्तै गरि Same फिल्डमा नै काम गरिराख्नु भएको छ । भने तपाईहरु चै हिमत नर्हानु होला किन भन्दा जतीपनि काम हामी अहिले गरिराखेको छौ नि त्यो सबै जनाले Appreciate नगर्ला तर भविष्यमा चाहि यो एकदमै राम्रो परिर्वतन ल्याउन हामी लाई मद्धत गर्नेछ र हामीलाई लाग्छ यसरी सानो कामले चाहि कसरी परिर्वतन ल्याउछ । यहि स्कुलमा जनचेतनामुलक कार्यक्रम गरिराख्नु भाछ, आफ्नो टोलहरुमा अभियान गरिराख्नु भाछ हामीलाई लाग्छ है यो एक दिनको कार्यक्रम त हो यस्ले चाहि कतिलाई लाग्न सक्छ त्यो सानो, सानो क्याम्पियनले मान्छेहरुको लाईफ एकदमै ठुलो परिर्वतन चाहि ल्याउछ उहाँहरुको Mindset उहाँहरुको Perspective लाई Challenging पनि गर्छ र उहाँहरु चाहि नयाँ कुरा सिक्न चाहि उत्सुकता चाहि जगाउछ त्यस कारणले हामी जतीपनि काम गरिाखेको छौ । हामी सानो ठुलो त्यो सबै समानरुपमा महत्व हो र एउटा मलाई भन्न मन लागेको चाहि हामीले लुम बाट sexuality gender and rights तालिम लिए पछि जव हामी गाउमा आको थिएम हामी सिकेको कुरा हाम्रो गाउँमा छिमेकीको मान्छेहरुलाई सिकाउन तेती बेला चाहि मैले आमा समुहलाई चाहि एउटा सेसन राखेको थिए । मेरो मलाई तेस्तो आशा त थिएन उहाँहरुले मज्जाले बुझ्नु हुन्छ होला मलाई Appreciate गर्नुहुन्छ होला मेरो आशा थिएन तर एक जना आन्टीले के भन्नुभयो भन्दा अ मलाई चाहि सेसन एकदमै मन पर्यो मलाई त यस्तको वारेमा थाहा पनि थिएन यदि मेरो छोराहरुले छोराछोरीहरुले चाहि एस्तै आफ्नो लाई Gender लाई लिएर confuse भई राखेको छ भने At list अब म उनिहरुलाई म सर्पोट गर्न सक्छु भन्नु भयो। उहाँले भन्नु भएपछि चाहि मलाई बल्ल मैले गरेको यो कामको चाहि ल यो चाहि effective रहेछ मेरो काम चै खेर गएन भन्ने मैले फिल गरे र हामीले गरेको कामहरु चाहि एकदमै राम्रो छ बरु तपाईहरुले कसरी सक्नुहुन्छ अरु मान्छेहरुलाई पनि कसरी संलग्न गराउन सक्नु हुन्छ । धेरै भन्दा धेरै मान्छेहरुलाई चाहि Activist बनाउनुपर्छ यति नै भन्नु चाहान्छु ।

प्रश्न : हुन्छ चेतना जी

उत्तर : हुजुर

प्रश्न : अ हजुरले चाहि भन्नुभयो धैरै लामो समय सम्म बालअधिकारको क्षेत्रमा युवा अधिकारको क्षेत्रमा धैरै समय देखि काम गरिराख्नु भाछ त्यसै गरि बालविवाहको क्षेत्रमा बालबिवाह रोक्नुपर्छ भन्ने हीसाबले पनि काम गरिराख्नु भाछ होईन, यसरी काम गर्ने क्रममा चाहि बालविवाहमा चाहि किशोर किशोरीहरु किन प्रोत्साहीत भइराखेको छ केहि Analysis गर्नुभएको छ ?

उत्तर : हजुर छ ..मेरो बिचारमा चाही हामी पनि त किशोरी किशोरी छौ हाम्रो पनि साथीहरु छ कुराहरु हुन्छ मैले बुझे अनुसार चाहि खासमा हाम्रो समाजमा महिला, पुरुष किशोर, किशोरीको सम्बन्ध यसलाई राम्रो दृष्टिकोणले चाहि हेरिदैन यदि मेरो नै कुनै पुरुष साथी छ मलाई अगाडी मेरो घरको अगाडी भेट्न आएपछि हाम्रो समाजको मान्छे नराम्रो सोच्छ एकदमै नराम्रो सोचिहाल्छ त्यस्तै गरि हाम्रो समाजमा चाहि सेक्स एजुकेशनको एकदमै धैरै आवश्यकता छ जस्तो मलाई लाग्छ किन भन्दा हाम्रो परिवारले हाम्रो ममी, ड्याडीले हामी सगँ त्यस्को बारेमा खुलेर कुरा हुदैन हाम्रो स्कुलमा सेक्सको वारेमा बुकमा त हुन्छ तर शिक्षकहरुले चाहि राम्रो सगं बुझाउनु हुन्न र त्यो सुनिमात्र राख्दा नवुझ्दा चाहि त्यो किशोर किशोरीहरुमा झन उत्सुक्ता चाहि आउछ के रैछ ,के रैछ भनेर त्यो उत्सुकता आएपछि को सगं कुरा गर्ने त आमा बुबा सगं कुरा गर्न मिलेन, शिक्षक सगं कुरा गर्न मिलेन आफ्नो उमेरको साथीहरु आफ्नो वोईफ्रेन्ड को छ भन्दा एउटा किशोर, किशोरीहरु अलिकती नजिकै भयो त्यसैले केहि सम्वन्ध नहुदा पनि ल गलफ्रन्ड व्वाईफ्रण्ड भयो ममी बाबाले थाहा पायो समाजको मान्छेले थाहा पायो भने एस्ले चाहि मेरो नाक काट्यो अव एस्को चाहि विवाह गरादिनु पर्छ भन्ने कि त अर्को केटा खोजेर कि त तेहि केटा सगं नै विवाह गराईदिने त्यसरी पनि विवाह गराई दिदो रहेछ जो मेरो विचारमा चाहि बालविवाह रोकेर मात्रै हुदैन

बालबालिकाहरुलाई चाहि बुझाउनु पर्छ। उनिहरुलाई यौन शिक्षा दिनु पर्छ, त्यस्तो गर्यो भने चाहि केही असर पर्छ किन गर्नु हुदैन र त्यस्तो किशोर अवस्थामा जति पनि निडहरु हुन्छन किशोर किशोरीहरुको त्यसलाई कसरी व्यवस्थापन गर्ने सिकाउने एकदमै जरुरी छ सिकाउने आफ्नै परिवार सिनियर शिक्षकहरुले पनि त्यो किशोर किशोरीहरुलाई अझै comfortable वातावरण दिनुपर्छ जस्तो मलाई लाग्छ ।

प्रश्न : चेतना जि जस्तो तपाईले काम गरिराख्दा तपाई सगं चाहि यस्को बारेमा कुरा गर्ने आफु भन्दा सानो भाईवहिनीहरु वा साथीहरु सगं छलफल हुन्छ कि नाई तपाईले चाहि उहाँहरु सगं यो खालको Education को बारेमा कुरा गरिराख्नु भाछ कि छैन ।

उत्तर : हजुर छ किन भन्दा हामीले पनि SRHR को तालिमहरु पाएको छौ । हाम्रो क्लबको मेम्वरहरु हामीले सिकेको कुराचाहि हामी भन्दा जुनीयरहरुलाई चाहि सिकाउछौ । हाम्रो क्लबको र हाम्रो क्लबमा सिकाएर जती पनि क्लबको मेम्बरहरु चाहि आफ्नो, आफ्नो गाउमा सिकाउने गरिराछौ र हाम्रो स्वास्थ शाखामा किशोर किशोरी कक्ष भनेर छ त्यसमा यदि किशोर किशोरी जानुहुन्छ भने उहाँहरुले पुरै यौन शिक्षा क्च्ज्क् को बारेमा चाहि सिकाउछन र जतिपनि कन्ट्रासेप्टी डिभाईसहरु छ त्यस्को बारेमा पनि जानकारीहरु दिने, पाउने सुविधा चाहि हाम्रो पालिकामा छ अहिले चाहि ।

प्रश्न : हुन्छ हवस अरु केहि छ तपाईलाई भन्न मन लागेको कुराहरु तपाईको काम गर्ने क्रममा अनुभवहरु तपाईलाई केहि छ ?

उत्तर : तेस्तो त छैन तर तेहि नै हो मैले चाहि पालिका बालविवाह मुक्त भएकोमा एकदम गर्भ गर्छु यो चाहि हामीले ३ वर्ष को लामो Campaign चलाएपछि गर्न सफल भएको र जति जना पनि अहिले activist हरु आफ्नो आफ्नो क्षेत्रमा काम गराराख्नु भको छ उहाँहरुले Please...Please.... विचैमा नछोड्नु होला तेती तै भन्न चाहान्छु ।

प्रश्न : हुन्छ हवस धन्यवाद ।।

उत्तर : धन्यवाद ।।

LOOM